Subject:	Nepali
Set Name:	V1_Set04
Code:	213
Exam Date:	17-04-2026
SLOT:	2

Question ID	11603
Question Type	MCQ
Passage	तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर चिह्नित गर्नु होस्- चारैतिर टाढासम्म खेतैखेत र ठाउँ-ठाउँमा बाँसका झ्याङ र सुपारीका बोटहरू देखिन्छन्। अहिलेसम्म घाम उदाएको छैन तर पूर्व दिशा सूर्यको रश्मिले आकाशमा अबिर छरे झैँ देखिन्छ। बाँसका झ्याङमा राति बास गर्ने सुगाहरू खुसीको चित्कार गर्दै टाढा जङ्गली पाखातिर उडिरहेछन्। म मुग्ध भएर प्रकृतिको अनुपम दृश्य हेर्दै बिस्तार-बिस्तार हिँडिरहेकी छु। बाटोमा हरियो दुबोले ढाकेको मैदान छ। म प्रायः नै यहाँ बस्छु। आज पनि चप्पल खोलेर घाँसमा हिँड्न थालेँ।
Question	उपर्युक्त अनुच्छेदमा कस्तो ठाउँ वा अञ्चलको उल्लेख भएको छ? 1. हिमाली क्षेत्र 2. पहाड 3. लेक 4. समतल
Options	
A	1
B	2
C	3
D	4

Question ID	11604
Question Type	MCQ
Passage	तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर चिह्नित गर्नु होस्- चारैतिर टाढासम्म खेतैखेत र ठाउँ-ठाउँमा बाँसका झ्याङ र सुपारीका बोटहरू देखिन्छन्। अहिलेसम्म घाम उदाएको छैन तर पूर्व दिशा सूर्यको रश्मिले आकाशमा अबिर छरे झैँ देखिन्छ। बाँसका झ्याङमा राति बास गर्ने सुगाहरू खुसीको चित्कार गर्दै टाढा जङ्गली पाखातिर उडिरहेछन्। म मुग्ध भएर प्रकृतिको अनुपम दृश्य हेर्दै बिस्तार-बिस्तार हिँडिरहेकी छु। बाटोमा हरियो दुबोले ढाकेको मैदान छ। म प्रायः नै यहाँ बस्छु। आज पनि चप्पल खोलेर घाँसमा हिँड्न थालेँ।
Question	अनुच्छेदमा उल्लेख भएको ठाउँका बहुसङ्ख्यक मानिसहरू मूलतः के गर्छन् भन्ने बुझिन्छ? 1. खेती 2. व्यापार 3. कारखानाकर्मी 4. नोकरसाही
Options	
A	1
B	2
C	3
D	4

Question ID	11605
Question Type	MCQ
Passage	तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर चिह्नित गर्नु होस्- चारैतिर टाढासम्म खेतैखेत र ठाउँ-ठाउँमा बाँसका झ्याङ र सुपारीका बोटहरू देखिन्छन्। अहिलेसम्म घाम उदाएको छैन तर पूर्व दिशा सूर्यको रश्मिले आकाशमा अबिर छरे झैँ देखिन्छ। बाँसका झ्याङमा राति बास गर्ने सुगाहरू खुसीको चित्कार गर्दै टाढा जङ्गली पाखातिर उडिरहेछन्। म मुग्ध भएर प्रकृतिको अनुपम दृश्य हेर्दै बिस्तार-बिस्तार हिँडिरहेकी छु। बाटोमा हरियो दुबोले ढाकेको मैदान छ। म प्रायः नै यहाँ बस्छु। आज पनि चप्पल खोलेर घाँसमा हिँड्न थालेँ।
Question	अनुच्छेदमा मुख्यतः कुन कुराको वर्णन पाइन्छ? 1. खेत 2. बाँसको झ्याङ र सुपारीका बोटहरू

	3. प्रकृतिको मनोरम दृश्य 4. सुगाहरू अनि तिनका खुसीको गीत
Options	
A	1
B	2
C	3
D	4

Question ID	11607
Question Type	MCQ
Passage	तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर चिह्नित गर्नु होस्- चारैतिर टाढासम्म खेतैखेत र ठाउँ-ठाउँमा बाँसका झ्याङ र सुपारीका बोटहरू देखिन्छन्। अहिलेसम्म घाम उदाएको छैन तर पूर्व दिशा सूर्यको रश्मिले आकाशमा अबिर छरे झैं देखिन्छ। बाँसका झ्याङमा राति बास गर्ने सुगाहरू खुसीको चित्कार गर्दै टाढा जङ्गली पाखातिर उडिरहेछन्। म मुग्ध भएर प्रकृतिको अनुपम दृश्य हेर्दै बिस्तार-बिस्तार हिँडिरहेकी छु। बाटोमा हरियो दुबोले ढाकेको मैदान छ। म प्रायः नै यहाँ बस्छु। आज पनि चप्पल खोलेर घाँसमा हिँड्न थालेँ।
Question	अनुच्छेद अनुसार म पात्र कसरी हिँडेकी छ? 1. खाली खुट्टै 2. चप्पल लाएर पनि अनि खाली खुट्टै पनि 3. जुत्ता लाएर 4. चप्पल लाएर
Options	
A	1
B	2
C	3
D	4

Question ID	11609
Question Type	MCQ
Question	**सूची I** मा भएका शब्दवर्ग र **सूची II** मा भएका तिनका उदाहरणमाझ जोडा मिलाउनु होस्-

	सूची-I		सूची-II
A.	विजिगीषा	I.	कुनै वस्तु प्राप्त गर्ने उत्कट इच्छा
B.	ईप्सा	II.	जिने इच्छा
C.	जिजीविषा	III.	निरन्तर एउटा काममा लागिरहँदा हुने दिक्दारी
D.	उच्चाट	IV.	बाँच्ने इच्छा

तलका विकल्पबाट सही उत्तर छान्नु होस्-

1. A-IV, B-III, C-I, D-II
2. A-II, B-I, C-IV, D-III
3. A-III, B-IV, C-II, D-I
4. A-III, B-IV, C-I, D-II

Options	
A	1
B	2
C	3
D	4

Question ID	11611
Question Type	MCQ
	सूची I मा भएका शब्दवर्ग र **सूची II** मा भएका तिनका उदाहरणमाझ जोडा मिलाउनु होस्-

	सूची-I		सूची-II
A.	गुरुप्रसाद मैनाली	I.	रातभरि हुरी चल्यो
B.	इन्द्रबहादुर राई	II.	बिदा

B.	[illegible]	II.	[illegible]
C.	शिवकुमार राई	III.	बितेका कुरा
D.	रूपनारायण सिन्हा	IV.	माछाको मोल

Question

तलका विकल्पबाट सही उत्तर छान्नु होस्-

1. A-IV, B-I, C-III, D-II
2. A-III, B-II, C-IV, D-I
3. A-II, B-I, C-IV, D-III
4. A-IV, B-III, C-II, D-I

Options	
A	1
B	2
C	3
D	4

Question ID	11613
Question Type	MCQ

Question

सूची I मा भएका शब्दवर्ग र **सूची II** मा भएका तिनका उदाहरणमाझ जोडा मिलाउनु होस्-

सूची-I		**सूची-II**	
A.	छाती पिट्नु	I.	धाक दिनु
B.	छाती ठोक्नु	II.	दुःख प्रकट गर्नु
C.	छाती थाम्नु	III.	गर्व गर्नु
D.	छाती फुलाउनु	IV.	मनको कुरा बुझ्नु

तलका विकल्पबाट सही उत्तर छान्नु होस्-

1. A-II, B-I, C-IV, D-III
2. A-IV, B-II, C-I, D-III
3. A-III, B-IV, C-II, D-I
4. A-III, B-IV, C-I, D-II

Options	
A	1
B	2
C	3
D	4

Question ID	11616
Question Type	MCQ

Question

सूची I मा भएका शब्दवर्ग र **सूची II** मा भएका तिनका उदाहरणमाझ जोडा मिलाउनु होस्-

सूची-I		**सूची-II**	
A.	गोल	I.	हात, दबाउ दिने काम, तिरो
B.	गानु	II.	मूर्ख, अचेतन, जरा
C.	कर	III.	कोइला, अँगार, बाटुलो
D.	जड	IV.	पेटमा हुने वायुको गोला, पिँडालु आदिको कन्द

तलका विकल्पबाट सही उत्तर छान्नु होस्-

1. A-IV, B-III, C-II, D-I
2. A-II, B-I, C-IV, D-III
3. A-III, B-IV, C-I, D-II
4. A-IV, B-I, C-II, D-III

Options	
A	1
B	2

C	3
D	4

Question ID	11618
Question Type	MCQ

Question

सूची I मा भएका शब्दवर्ग र **सूची II** मा भएका तिनका उदाहरणमाझ जोडा मिलाउनु होस्-

सूची-I		सूची-II	
A.	मत्ता	I.	पोथी
B.	भाले	II.	ढोई
C.	वीर	III.	कन्या
D.	वर	IV.	भुनी

तलका विकल्पबाट सही उत्तर छान्नु होस्-

1. A-III, B-IV, C-I, D-II
2. A-IV, B-III, C-I, D-II
3. A-IV, B-I, C-II, D-III
4. A-II, B-I, C-IV, D-III

Options	
A	1
B	2
C	3
D	4

Question ID	11620
Question Type	MCQ

Question

"भाइ एक घरी केरा र एक .... नुन लिएर आयो।" -यस वाक्यको रिक्त स्थानमा कुन शब्द उपयुक्त हुन्छ?

1. आँठो
2. ढिको
3. धरो
4. पोयो

Options	
A	1
B	2
C	3
D	4

Question ID	11621
Question Type	MCQ

Question

"बेलुकी भात नखाई सुतेको भाइ बिहानै जुरुक्क उठ्यो र आमालाई बासी भात मागेर .... खायो।" -यस वाक्यको रिक्त स्थानमा तलको कुन शब्द राख्दा सही हुन्छ?

1. फटाफट
2. टनटनी
3. सलसली
4. खपाखप

Options	
A	1
B	2
C	3
D	4

Question ID	11623
Question Type	MCQ

Question

'दक्ष', 'निडर', 'शोक' अनि 'रिक्त' -यी शब्दहरूको यसै क्रममा विपरीतार्थक शब्द चिन्नु

Question	होस्- 1. अदक्ष, भीरु, आमोद, पूर्ण 2. अदक्ष, आमोद, पूर्ण, भीरु 3. भीरु, अदक्ष, पूर्ण, आमोद 4. पूर्ण, आमोद, अदक्ष, भीरु
Options	
A	1
B	2
C	3
D	4

Question ID	11624
Question Type	MCQ
Question	तलका मध्ये कुनमा ‘सूर्य’ शब्दका पर्यायवाची छन्? 1. अरुण, वरुण, करुण 2. दिवाकर, भास्कर, प्रभाकर 3. भानु, अणु, तरु 4. ग्रहराज, गिरिराज, ऋतुराज
Options	
A	1
B	2
C	3
D	4

Question ID	11628
Question Type	MCQ
Question	तल दिइएको उखानका अंशहरूलाई सही क्रममा चिन्नु होस्- A. गुन्द्रुक B. भित्र C. रुमाले D. बाहिर E. उमाले तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. C, D, B, E, A 2. B, C, D, A, E 3. D, C, B, A, E 4. B, A, E, D, C
Options	
A	1
B	2
C	3
D	4

Question ID	11630
Question Type	MCQ
Question	तल दिइएका पदहरू सँगालेर वा क्रम बुझेर ‘मुनामदन’ काव्यको एउटा पङ्क्ति पुरा गर्नु होस्- A. जातले B. हुन्छ C. मानिस ठुलो D. दिलले E. हुँदैन

	तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. C, D, E, A, B 2. A, C, E, D, B 3. D, E, A, C, B 4. C, D, B, A, E
Options	
A	1
B	2
C	3
D	4

Question ID	11632
Question Type	MCQ
Question	सानोदेखि ठुलो भाषिक एकाईका आधारमा तलका भाषिक एकाईको सही क्रम चिन्नु होस्- A. अक्षर B. पदावली C. वर्ण D. वाक्य E. शब्द तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. A, C, B, E, D 2. A, E, B, D, C 3. C, A, E, B, D 4. B, A, C, E, D
Options	
A	1
B	2
C	3
D	4

Question ID	11635
Question Type	MCQ
Question	तल दिइएका पदहरूको क्रम बुझेर व्याकरणिक दृष्टिले अर्थपूर्ण वाक्य बनाउनु होस्- A. मानिस B. सोध्नु भएको C. त्यो D. म नै हुँ E. तपाईंले तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. E, B, C, A, D 2. A, E, B, C, D 3. A, E, B, D, C 4. E, B, D, C, A
Options	
A	1
B	2
C	3
D	4

Question ID	11636
Question Type	MCQ
	तल दिइएका पदहरूबाट बनिने उखानलाई सही क्रममा मिलाउनु होस्-

Question	A. बाँचे B. सासूको C. मरे D. मेरो पोइ E. छोरो तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. A, B, E, C, D 2. B, E, A, D, C 3. A, D, B, E, C 4. C, B, E, A, D
Options	
A	1
B	2
C	3
D	4

Question ID	11637
Question Type	MCQ
Question	लिङ्गका आधारमा तलका कुन कुन वाक्य व्याकरणिक दृष्टिले शुद्ध छन्? A. बहिनी लडी। B. छोरी गयो। C. केटो लड्यो। D. गाईले घाँस खाइन्। E. मेरो दिदी कमला गोरो छन्। तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. A र C मात्र 2. B र D मात्र 3. D र E मात्र 4. B र E मात्र
Options	
A	1
B	2
C	3
D	4

Question ID	11638
Question Type	MCQ
Question	तलका मध्ये समूह बुझाउने शब्द कुन कुन हुन्? A. पल्टन B. फौजी C. बगाल D. नर्तक E. धावक तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. B र D मात्र 2. B र E मात्र 3. A र C मात्र 4. A, D र E मात्र
Options	
A	1
B	2

C	3
D	4

Question ID	11639
Question Type	MCQ
Question	पशु अनि तिनका शिशु बुझाउन तलका मध्ये कुन कुन सही छन्? A. हात्तीको छावा B. गधाको बाच्छो C. हाँसको टिउरो D. बाघको डमरु E. भालुको बछेडो तलका विकल्पबाट सही उत्तर चिन्नु होस्- 1. A, C र D मात्र 2. A, B र E मात्र 3. B र E मात्र 4. B, C र E मात्र
Options	
A	1
B	2
C	3
D	4

Question ID	11640
Question Type	MCQ
Question	'समान' शब्दको विपरीतार्थक 'असमान' हुन्छ भने 'सम्मान' शब्दको विपरीतार्थक के हुन्छ? 1. बेइमान 2. दुर्नाम 3. समान 4. अपमान
Options	
A	1
B	2
C	3
D	4

Question ID	11641
Question Type	MCQ
Question	'वन' शब्दका पर्यायवाची चिन्नु होस्- 1. जङ्गल, तरु 2. रुख, जङ्गल 3. अरण्य, कानन 4. रुख, तरु
Options	
A	1
B	2
C	3
D	4